# विद्यालयमा हुने यौन उत्पीडनको लागि कसलाई कानूनी रूपमा जिम्मेबार ठह्र्याइने छ ?

**व्यक्तिगत कानूनी दायित्व**

एसडीओ अन्तर्गत विद्यार्थीहरू, स्कूल स्टाफ तथा सेवा प्रदायकहरू उनीहरूले गरेका यौनजन्य दुर्व्यवहारका आचरणका लागि व्यक्तिगत रूपमा कानूनी दायित्व वेहोर्नु पर्दछ ।

**लैंगिक दुर्व्यवहारलाई टेवा पुऱ्याएको खण्डमा व्यहोर्नुपर्ने कानूनी दायित्व**

यदि विद्यार्थी/स्कूल कर्मचारी/ सेवा प्रदायकले निम्न कार्य गरेमा उनीहरूले व्यक्तिगत कानूनी दायित्व व्यहर्नुपर्ने हुनसक्छ:

- कुनै व्यक्तिलाई अर्को व्यक्ति उपर लैंगिक दुर्व्यवहार गर्न दवाब दिएमा;
- कुनै व्यक्तिलाई अर्को व्यक्ति उपर यौनजन्य दुर्व्यवहार गर्न निर्देशन दिएमा; वा
- जानाजानी कुनै व्यक्तिलाई अर्को व्यक्ति उपर दुर्व्यवहार गर्न मद्दत गरेमा (उदाहरण: अश्लील ठट्टा गर्न अरूलाई साथ दिने)

**भिकारियस (परोक्ष) कानूनी दायित्व**

स्कूल तथा सेवा प्रदायकहरूले स्कूल यौनजन्य दुर्व्यवहारवाट मुक्त छ भनेर सुनिश्चित गर्न **"उपयुक्त व्यवहारिक कदमहरू"** चालेको हुनै पर्दछ । अन्यथा उनीहरूलाई कामको दौरान आफ्ना स्टाफले वा उनीहरूको एजेन्टले गरेको गैरकानूनी कार्यका लागि भिकारियस कानूनी दायित्वका लागि जिम्मेवार ठह्र्याउन सकिने छ, जाहे स्कूल वा सेवा प्रदायक (जे लागू हुन्छ) लाई उक्त यौन दुर्व्यवहारको घटनाको जानकारी नभएको वा उक्त कार्य गर्नलाई अधिकार नदिएको भएता पनि ।



## यदि विद्यार्थी माथि यौन दुर्व्यवहार भएमा उस/नीजले के गर्नुपर्दछ ?

1. आवाज उठाउनुहोस् । "नाई" भन्नुहोस् । सुरक्षित अवस्था भएको खण्डमा, दूर्व्यवहार गर्ने व्यक्तिलाई उसको व्यवहार अवांछित भएको तथा सो कार्य बन्द गर्नुपर्छ भनेर भन्नुहोस् ।
2. पीडकबाट टाढा भाग्नुहोस् तथा सुरक्षित स्थान वा वढी मानिसहरू भएको ठाँउमा जानुहोस्
3. तपाईंले विश्वास गर्ने कुनै व्यक्तिहरू, जस्तो की तपाईंका शिक्षक/अभिभावक/सोसल वर्कर/ गैसस (एनजिओ) स्टाफलाई यस वारेमा बताउनुहोस् तथा उनीहरूवाट सहयोग र सल्लाह लिनुहोस् । यसलाई आफूबीच मात्र सिमित नराख्नुहोस् ।

## अभिभावकका रूपमा तपाईंलाई आफ्नो नानीले आफूलाई यौनजन्य दूर्व्यवहार गरिएको भनेर भने पछि, तपाईंले के गर्नुपर्दछ ?

1. ध्यानपूर्वक सुन्नुहोस् तथा उनीहरू माथि विश्वास गर्नुहोस् । नानीलाई तपाईंले उक्त कार्य बन्द गर्न आवश्यक कदमहरू लिनु हुनेछ भनेर ढुक्क पार्नुहोस् ।
2. शान्त रहनुहोस् तथा आफ्ना नानीलाई घटना भएको मिति, समय, स्थान र साक्षी(हरू) लगायतका अन्य विवरणहरू सोध्नुहोस् ।
3. स्कूल प्रिन्सिपल, टिचर इन्चार्ज वा सेवा प्रदायकको सम्वन्धित व्यक्तिसँग औपचारिक रूपमा उजुरी गर्नुहोस् । सामुदायिक अगुवा/गैसस/सोसल वर्करबाट मद्दत लिनुहोस् ।
4. समान अवसर आयोगमा आफ्नो नानीको तर्फवाट उजुरी हाल्नुहोस् । तपाईंले हामीलाई 2511 8211 मा फोन गर्न सक्नुहुनेछ ।
5. घटनामा अपराधिक तत्व (उदाहरणको लागि अश्लील हातपात) को शंका लागेमा प्रहरीलाई खवर गर्नुहोस् ।

**यदि तपाईंलाई यौनजन्य दूर्व्यवहारको तथा भेदभाव विरोधी अध्यादेशहरू अन्तर्गत आफ्ना अधिकारको बारेमा अधिक जानकारी चाहिएमा, कृपया सम्पर्क गर्नुहोस् :**


**Equal Opportunities Commission**
16/F, 41 Heung Yip Road, Wong Chuk Hang, Hong Kong
हटलाइन : 2511 8211
ईमेल : eoc@eoc.org.hk
वेवसाइट : www.eoc.org.hk
एसएमएस सोधपूछ सेवा : 6972566616538
(श्रवण/वाक सम्बन्धी समस्याहरू भएका व्यक्तिहरूका लागि)

कार्यालय समय: सोमवार देखि शुक्रवार विहान 8:45 देखि बेलुकी 5:45 सम्म


平 等 機 會 委 員 會
EQUAL OPPORTUNITIES COMMISSION

# यौन उत्पीडन विरूद्ध आवाज उठाऔं

## हाम्रा बावुनानीहरूका लागि सुरक्षित वातावरण सिर्जना गरौं



Nepali Version

यौन उत्पीडनले जो कोहिलाई गम्भीर असर पार्न सक्दछ । विशेषगरी बालबालिकाहरूमा यसको असर गम्भीर हुन सक्दछ । यसले उनीहरूको हुर्काइ र विकास, सामाजिक व्यवहार, प्रभावकारी सिकाइ तथा स्कूलको कार्यमा क्षति पुऱ्याउँछ । यसले मानिसको शारिरीक तथा मानसिक स्वास्थ्यमा दीर्घकालीन हानी पुऱ्याउँन सक्दछ ।

एसडीओ अन्तर्गत, कुनै पनि विपरित लिंगीको साथसाथै एउटै (समान) लिंगका व्यक्तिहरू उपर यौन उत्पीडन गर्नु पनि गैरकानूनी हुन्छ । बालबच्चाहरू विरूद्ध हुने यौन उत्पीडनको संरक्षण सम्वन्धी कानून विद्यालय, टुटोरियल सेन्टर, किन्डरगार्टिन, अन्य शैक्षिक संस्थान र नर्सरीहरूमा लागू हुन्छ । यो कानून विद्यालय संचालनसँग सम्वन्धित अन्य सहयोगी सेवा प्रदायकहरू जस्तो की स्कूल वस, विद्यार्थी क्यान्टिन, खेल कोचिंग, आदीमा पनि लागू हुन्छ । वाल स्याहार केन्द्र (चाइल्ड केयर सेन्टर) हरूलाई पनि सेवा प्रदायक भनेर सायद मान्न सकिने हुनाले, एसडीओ अन्तर्गत यौन उत्पीडन विरूद्धका संरक्षणहरू लागू हुन सक्नेछन् ।

**नोटः** यदि कुनै बालबालिका उपर एसडीओले नसमेट्ने खालका परिस्थितिमा, जस्तो की साथीको घरमा वा सार्वजनिक यातायातमा यौन उत्पीडन भएमा, कृपया मद्दतको लागि प्रहरीलाई सम्पर्क गर्नुहोस् ।




# लिंग भेदभाव (यसडिओ) अन्तर्गत यौन उत्पीडन भनेको के हो ?

**यौन उत्पीडन**

## प्रतिकूल /मनमा-डर-वा-हीनतावोध-पैदा-गराउने वातावरण

- कुनै व्यक्ति एकलैले वा अरू व्यक्तिसँग मिलेर कुनै अर्को व्यक्ति उपर गरिने यौन प्रकृतिको कुनै अवान्छनीय कार्य, जसले प्रतिकूल /मनमा-डर-वा-हीनतावोध-पैदा-गराउने वातावरण सिर्जना गर्दछ ।

### उदाहरण



- यस्तो खालको यौन उत्पीडनको **उदाहरणहरूमा** निम्न कार्यहरू मात्र सिमित हुदैनन् –भद्दा वा अश्लील सामाग्रीहरूको प्रदर्शन, यौनजन्य मजाक, भद्दा कुराकानी, र यौनजन्यरूपमा अपमानजनक हुने खालका ठट्टा वा क्रियाकलापहरू




## व्यक्ति-व्यक्ति-बीच हुने उत्पीडन

- यौनजन्य कार्यको लागि साथ दिनको लागि कुनै ननिम्त्याइएको /अवान्छनीय यौनजन्य आग्रह, वा कुनै व्यक्तिप्रति लक्षित गरिएको कुनै यौनजन्य आचरण वा कार्य
- सवै परिस्थिति वा घटनाक्रमलाई मध्यनजर गर्दै, यदि कुनै विकेकी व्यक्तिले उक्त व्यक्तिले अपमान, हिनतावोध वा भय महशुस गरेको भनी अनुमान वा आलंकन गर्दछ ।

### उदाहरण



- **अवान्छनीय शारीरीक स्पर्शः** नमिम्त्याइएको तथा अवान्छनीय अंकमाल, चुम्बन, छुवाइ, समात्ने वा जानाजानी अर्को व्यक्तिको शरीरमा धसारिने ।




- **यौनजन्य टिकाटिप्पणीः** यौनजन्य ठट्यौली, यौनजन्य आशयले कसैको शरिर वा शरिरको आकारको वारेमा गरिने टिप्पणीहरू



- **अपमानजनक संवादः** विद्युतीय (इमेल, मोवाइल फोन आदी) माध्यमवाट पठाइएका यौनजन्य सन्देश लगायतका अन्य यौनजन्य प्रकृतिका लिखित संवादहरू



- **अन्य गलत व्यवहारहरूः** कसैलाई एक टक भएर वा आँखा गाडेर हेर्नु, कामुक तरिकाले हेर्नु वा यौनजन्य प्रकृतिका हाउभाउ देखाउनु